लेखामान बोर्ड
ACCOUNTING STANDARDS BOARD
(Formed by the Government of Nepal under the Nepal Chartered Accountants Act, 1997)


Ref No.:
च.नं.:

# प्रमुख कार्यकारी अधिकृत पदको पदपूर्ति सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८२।०४।१५)**

यस बोर्डको लागि प्रमुख कार्यकारी अधिकृत पदमा खुला प्रतिस्पर्धाबाट करार सेवामा पदपूर्ति गरिने भएकोले देहायको योग्यता भएका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रथम पटक प्रकाशित मितिले **१५ (पन्ध्र) दिनभित्र** कार्यालय समयमा बोर्डको सचिवालय, आइक्यान मार्ग, सातदोबाटो, ललितपुरमा **शिलबन्दी आवेदन** दिनुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । निर्धारित मिति र समयभित्र प्राप्त हुन नआएको तथा रीत नपुगेको दरखास्त स्वीकृत हुने छैन ।

(क) <u>आवश्यक न्यूनतम योग्यताः</u>

१) मान्यता प्राप्त लेखाव्यवसायी बोर्डबाट चार्टर्ड एकाउन्टेन्सी परीक्षा पास गरेको ।
२) चार्टर्ड एकाउन्टेन्ट भई लेखा सम्बन्धी कम्तिमा दुई (२) बर्ष अनुभव प्राप्त गरेको ।
३) दरखास्त बुझाउने अन्तिम मितिमा २४ (चौबिस) वर्ष उमेर पुरा भएको ।
४) भविष्यमा सेवाको लागि अयोग्य ठहरिने गरी बर्खास्त नभएको ।
५) नेपाली नागरिक ।
६) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको ।
७) उक्त पदको कार्यदिश निम्न बमोजिम हुनेछ ।
- बोर्डप्रति जिम्मेवार रहि सचिवालयको कार्यालय प्रमुखको रुपमा काम गर्ने ।
- बोर्डको दैनिक प्रशासनिक काम गर्ने ।
- बोर्डको वार्षिक कार्ययोजना, बजेट, बोर्डको प्रगति प्रतिवेदन तयार गरि बोर्डमा पेश गर्ने ।
- बोर्डको हिसाब किताब राख्ने तथा राख्न लगाउने ।
- बोर्डको रेखदेख र नियन्त्रणमा रही कार्य गर्ने ।
- बोर्डबाट जारी भएका मानहरुको बारेमा सेमिनार, कार्यशाला, गोष्ठी, अभिमुखीकरण कार्यक्रम तथा तालिमहरु सञ्चालन गर्ने ।
- नेपाल सरकार, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, नियमनकारी निकायहरु, अन्तराष्ट्रिय तथा क्षेत्रिय लेखामान बोर्ड तथा लेखापरीक्षणमान बोर्डसँग समन्वय गर्ने ।
- बोर्डको सचिवको हैसियतले कार्य गर्ने ।
- बोर्डले तोकेको अन्य कार्यहरु गर्ने ।

८) तलब भत्ता आपसी समझदारीमा तय गरिनेछ ।
९) उपरोक्त पदको लागि व्यक्तिगत विवरण, शैक्षिक प्रमाणपत्रहरु, अनुभवको प्रतिलिपिहरु तथा व्यवसायिक योजना सहित शिलबन्दी दरखास्त पेश गर्नुपर्नेछ ।


P.O.Box: 24862, 5th Floor, ICAN Building, ICAN Marg, Satdobato, Lalitpur, Nepal, Tel.: +977-1-5423314, Fax: +977-1-5423314
Email: secretariat@asbnepal.gov.np, admin@asbnepal.gov.np, Website: www.asbnepal.gov.np

Ref No.:

च.नं.:

(ख) दरखास्त पेश गर्ने प्रक्रिया:

१) दरखास्त साथ माथि उल्लेख गरिए बमोजिमको कागजात तथा विवरण निवेदक स्वयंले प्रमाणित गरी पेश गर्नुपर्नेछ ।

२) दरखास्त पेश गर्दा शैक्षिक योग्यता, अनुभव, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, वैयक्तिक विवरण र २ प्रति पासपोर्ट साईजको फोटो तथा संस्थाको विकासको लागि व्यवसायिक कार्ययोजना (पाँच हजार शब्दमा नबढ्ने गरी) चार प्रति शिलबन्दी खामबन्दी गरी लेखामान बोर्डको सचिवालयमा पेश गर्नुपर्नेछ । खामबन्दी प्रस्तावको खामबाहिर **"लेखामान बोर्डको प्रमुख कार्यकारी अधिकृत पदका लागि आवेदन तथा व्यवसायिक कार्ययोजना"** उल्लेख गरेको हुनुपर्नेछ ।

(ग) व्यवसायिक कार्ययोजनाको प्रस्तुतीकरण:

छनौट सूचीमा परेका उम्मेदवारले आफूले पेश गरेको व्यवसायिक कार्ययोजना तोकिएको मिति र समयमा प्रस्तुतीकरण गर्नु पर्नेछ ।

(घ) सेवा अवधि:

परीक्षणकाल छ महिना सहित कम्तीमा तीन (३) वर्षको लागि हुनेछ ।

(ङ) अन्य विवरण:

१) यो सूचना बमोजिम प्राप्त भएका दरखास्त पदपूर्ति समितिले कुनै कारण उल्लेख गरी वा नगरी रद्द गर्न सक्नेछ ।

२) झुट्टा विवरण वा कागजात पेश गरेमा आवेदन रद्द हुनेछ ।

३) यस सम्बन्धी थप जानकारीका लागि लेखामान बोर्डको सचिवालय वा कार्यालय समयभित्र टेलिफोन नं. ०१-५४२३३१४ मा सम्पर्क गर्न सकिनेछ ।

**- पदपूर्ति समिति**